नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# हुलाक सेवा विभाग

बबरमहल

काठमाडौं नेपाल

फोन नं.: ०१-५३२४११६
०१-५३२४११७
फ्याक्स नं: ०१-५३२४१४३
ईमेल: psdyojana@gmail.com
planning@nepalpost.gov.np

पत्र संख्याः २०८२/०८३

च.नं.

## विज्ञप्ति

आज मिति २०८२ साल चैत्र १६ गते हुलाक सेवा विभागको स्वीकृत फिलाटेलिक कार्यक्रम अन्तर्गत **जावा दाम(मुद्रा), धुरकोट दरवार गुल्मी र नृसिंह अवतार नाच(कार्तिक नाच)** तस्वीर अंकित हुलाक टिकटको प्रथम दिवसीय आवरणमा टाँचा प्रदान कार्यक्रम सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय डा. विक्रम तिमिल्सिनाज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री लक्ष्मी कुमारी बस्नेतज्यूको विशेष आतिथ्यता रहेको उक्त कार्यक्रममा विभागका महानिर्देशक श्री मनमायाँ भट्टराई पंगेनीज्यूको अध्यक्षता रहेको थियो। विज्ञापन बोर्डका अध्यक्ष श्री लक्ष्मण हुमागाईंज्यूको समेत कार्यक्रममा विशेष आतिथ्यता रहेको थियो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव श्री सुवासचन्द्र शिवाकोटी, सूचना प्रविधि विभागका महानिर्देशक श्री चन्द्र साहज्यूको आतिथ्यता रहेको थियो।

प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय डा. विक्रम तिमिल्सिनाज्यूले कार्यक्रममा मन्तव्य राख्दै मुलुकको ऐतिहासिक, धार्मिक तथा साँस्कृतिको सम्पदा र सँस्कृतिको जगेर्ना गर्दै राष्ट्रिय पहिचानको संरक्षण गर्न हुलाक टिकटले महत्वपूर्ण भूमिका खेल्ने बताउनु हुँदै हुलाक मार्फत सार्वजनिक सेवालाई नागरिकको समीपमा पुऱ्याउन हुलाक सेवालाई थप सुदृढ गर्नुपर्ने बताउनुभयो। विशेष अतिथि सचिव श्री लक्ष्मी कुमारी बस्नेतज्यूले हुलाक टिकट मार्फत हाम्रो पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरुको संरक्षण र प्रचारप्रसार गर्न सघाउ पुग्ने बताउनुभयो। कार्यक्रमका अध्यक्ष एवं हुलाक सेवा विभागका महानिर्देशक श्री मनमायाँ भट्टराई पंगेनीज्यूले हुलाक टिकटले अन्तर्राष्ट्रिय जगतमा नबोल्ने राजदुतको रुपमा महत्वपूर्ण योगदान गर्ने बताउदुहुँदै हुलाक टिकट मार्फत इतिहास, धर्म, संस्कृतिको संरक्षण गर्न हुलाक सेवा विभागले त्यस्ता सम्पदा र पहिचानहरुको खोजी गर्दै हुलाक टिकट प्रकाशन गर्ने कार्य गरिरहेको बताउनु भयो।

कार्यक्रममा हुलाक सेवा विभागका निर्देशक द्वय श्री लिलाराज पौडेल र श्री जमुना मिश्र, हुलाक प्रशिक्षण केन्द्रका मुख्य प्रशिक्षक श्री ध्रुवराज आचार्य, गोश्वारा हुलाक कार्यालयका प्रमुख हुलाक अधिकृत श्री ढाल बहादुर जि.सी, विज्ञापन बोर्डका प्रमुख प्रशासकीय अधिकृत श्री देवी पाण्डे लगायत विभिन्न सरकारी निकायका पदाधिकारीहरु, फिलाटेलिक सोसाइटीका पदाधिकारीहरु र पत्रकार एवं सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो।

यसै अवसरमा नवनियुक्त सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय डा. विक्रम तिमिल्सिनाज्यूलाई विभागको तर्फबाट स्वागत तथा विभागको कामकारबाहीको बारेमा जानकारी गराउने कार्यक्रम समेत सम्पन्न भएको छ।

लिला राज पौडेल

निर्देशक एवं प्रवक्ता